# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४० ) काठमाडौं, साउन १० गते २०४७ साल ( अतिरिक्ताङ्क २५

## भाग २

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्‌को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. ७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

268

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अदालती कारवाही सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः अदालती कारवाही सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "अदालती कारवाही सम्बन्धी केही नेपाल ऐन (संशोधन) ऐन, २०४७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मुलुकी ऐनमा संशोधनः मुलुकी ऐनको,–

(१) अदालती बन्दोबस्तको महलको,–

(क) ६२ नम्बरको दफा ५ मा रहेका "स्थानीय पञ्चायत" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) ११० नम्बरको दफा १ मा ठाउँ ठाउँमा रहेका "स्थानीय पञ्चायतको सदस्य वा सचिव, वडा समितिको सदस्य वा तालुकदार मध्ये एकजना वा अरू स्थानीय भलादमी दुईजना" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा सचिव र अरू स्थानीय भलादमी दुईजना" भन्ने शब्दहरू, "स्थानीय पञ्चायत" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरू र "पञ्चायत" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) ११० नम्बरको दफा २ मा रहेको "पञ्च" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाको सदस्य " भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) ११० नम्बरको दफा ३ क. मा रहेका "सरकारी कार्यालय, संगठित संस्था, कुनै तहको पञ्चायत वा वर्गीय संगठनको नाममा वा त्यस्तो कार्यालय, संस्था, पञ्चायत वा संगठनमा" भन्ने शब्दहरूको सट्टा "सरकारी कार्यालय वा संगठित संस्थाको नाममा वा त्यस्तो कार्यालय वा संस्थामा" भन्ने शब्दहरू राखिएका छन् ।

(ङ) १११ नम्बरमा रहेका "स्थानीय पञ्चायतका सदस्य वा सचिव, वडा समितिका सदस्य" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य " भन्ने शब्दहरू राखिएका छन् ।

(च) १७१ नम्बरमा ठाउँ ठाउँमा रहेका "स्थानीय पञ्चायतका कम्तीमा एक जना सदस्य" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधि" भन्ने शब्दहरू राखिएका छन ।

(छ) १७१ क. नम्बरमा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाको" भन्ने शब्दहरू राखिएका छन् ।

(ज) १७२ नम्बरको दफा ४ मा रहेका "पञ्चायतका कम्तीमा एक जना सदस्य" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधि" भन्ने शब्दहरू राखिएका छन् ।

(झ) २२६ नम्बरको सट्टा देहायको २२६ नम्बर राखिएको छः–

"२२६ नं. ॥ ॥ यस महल बमोजिम गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधिको रोहवरमा वा त्यस्तो सदस्य वा प्रतिनिधिको सहिछाप गराई गर्नु गराउनु पर्ने कुनै काम कारवाही गर्ने गराउने सिलसिलामा त्यस्तो सदस्य वा प्रतिनिधिलाई उपस्थित गराई दिन सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा लिखित सूचना दिंदा पनि सो काम कारवाहीको लागि त्यस्तो सदस्य वा प्रतिनिधि उपस्थित नभएमा वा गाउँ विकास समिति वा नगरपालिका भङ्ग भई वा अन्य कुनै कारणले कायम नरहेको अवस्थामा पनि सो काम कारवाही गर्न गराउन सकिनेछ र अरू कुराको रीत पुगेको भए त्यस्तो सदस्य वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५९

प्रतिनिधिको उयस्थिति वा सहिछाप नभएको भन्ने आधारमा मात्र सो काम कारवाही बदर हुने छैन ।"

(२) दण्ड सजायको महलको,–

(क) २४ नम्बरको दफा ३ र ४ मा रहेका "स्थानीय पञ्चायतको सदस्य" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) ३० नम्बरमा रहेका "स्थानीय पञ्चायतका एक जना सदस्य" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधि" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) ३७ नम्बरमा रहेका "स्थानीय पञ्चायतका सदस्य वा सचिव, वडा समितिका सदस्य" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य" भन्ने शब्दहरू राखिएका छन् ।

(घ) ४१ ख. नम्बरमा रहेका "गाउँ पञ्चायत, नगर पञ्चायत, जिल्ला पञ्चायत वा" भन्ने शब्दहरूको सट्टा "ग्रामीण क्षेत्र, नगर क्षेत्र, जिल्ला वा" भन्ने शब्दहरू र "स्थानीय पञ्चायत" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित ग्रामीण क्षेत्र, नगर क्षेत्र, जिल्ला" भन्ने शब्दहरू राखिएका छन् ।

(ङ) ४३ नम्बरको दफा ३ मा रहेका "स्थानीय पञ्चायतको कम्तीमा एक जना सदस्य" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधि" भन्ने शब्दहरू र "पञ्चायत" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरू राखिएका छन् ।

(च) ६० नम्बरको सट्टा देहायको ६० नम्बर राखिएको छः–

"६० नं. ॥ ॥ यस महल बमोजिम गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधिको रोहवरमा वा त्यस्तो सदस्य वा प्रतिनिधिको सहिछाप गराई गर्नु गराउनु पर्ने कुनै काम कारवाही गर्ने गराउने सिलसिलामा त्यस्तो सदस्य वा प्रतिनिधिलाई उपस्थित गराई दिन सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा लिखित सूचना दिंदा पनि सो काम कारवाहीको लागि त्यस्तो सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा प्रतिनिधि उपस्थित नभएमा वा गाउँ विकास समिति वा नगरपालिका भङ्ग भई वा अन्य कुनै कारणले कायम नरहेको अवस्थामा पनि सो काम कारवाही गर्न गराउन सकिनेछ र अरू कुराको रीत पुगको भए त्यस्तो सदस्य वा प्रतिनिधिको उपस्थिति वा सहिछाप नभएको भन्ने आधारमा मात्र सो काम कारवाई बदर हुने छैन ।"

(३) गरीब कङ्गालको महलको १ नम्बर, २ नम्बर, ४ नम्बर, ५ नम्बर र ६ नम्बरमा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरू राखिएका छन् ।

(४) जग्गा मिच्नेको महलको १० नम्बरको दफा १ मा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरू राखिएका छन् ।

(५) लोग्ने स्वास्नीको महलको १ क. नम्बरमा रहेका "गाउँ वा नगर पञ्चायतमा निवेदन गर्नु पर्नेछ र पञ्चायतले" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिकामा निवेदन गर्नु पर्नेछ र गाउँ विकास समिति वा नगरपालिकाले" भन्ने शब्दहरू राखिएका छन् ।

(६) अंशबण्डाको महलको २४ नम्बरमा रहेका "स्थानीय पञ्चायतका कम्तीमा एक जना सदस्य" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधि" भन्ने शब्दहरू राखिएका छन् ।

(७) धर्मपुत्रको महलको १ नम्बरमा रहेका "स्थानीय पञ्चायतलाई" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधिलाई" भन्ने शब्दहरू राखिएका छन् ।

(८) अपुतालीको महलको १७ नम्बरमा रहेका "स्थानीय पञ्चायतलाई दिनु पर्छ र स्थानीय पञ्चायतले पनि" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकालाई दिनु पर्छ र गाउँ विकास समिति वा नगरपालिकाले पनि" भन्ने शब्दहरू र "अञ्चलाधीश कार्यालयमा पठाउनु पर्छ । सो बमोजिमको जाहेरी आएमा अञ्चलाधीश कार्यालयमा पनि" भन्ने शब्दहरूको सट्टा "जिल्ला कार्यालयमा पठाउनु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्छ। सो बमोजिमको जाहेरी आएमा जिल्ला कार्यालयले पनि" भन्ने शब्दहरू राखिएका छन् ।

(९) लेनदेन व्यवहारको महलको २४ नम्बरमा ठाउँ ठाउँमा रहेका "स्थानीय पञ्चायत" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधि" भन्ने शब्दहरू राखिएका छन् ।

(१०) कुटपीटको महलको २० नम्बरमा ठाउँ ठाउँमा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरू राखिएका छन् ।

(११) ज्यान सम्बन्धीको महलको,–

(क) २ नम्बरमा ठाउँ ठाउँमा रहेका "स्थानीय पञ्चायतका पञ्च" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य" भन्ने शब्दहरू, "पञ्चले" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाको सदस्यले" भन्ने शब्दहरू, "स्थानीय पञ्चायतलाई" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिकालाई" भन्ने शब्दहरू र "पञ्चायत" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) २५ नम्बरमा रहेका "पञ्चायतका सदस्य" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाको सदस्य" भन्ने शब्दहरू राखिएका छन् ।

(१२) ईलाज गर्नेको महलको ७ नम्बरमा रहेको "पञ्चायतले" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाले" भन्ने शब्दहरू राखिएका छन् ।

३. कोर्ट फि ऐन, २०१७ मा संशोधनः कोर्ट फि ऐन, २०१७ को दफा २७ को,–

(१) उपदफा (१) मा रहेका "उपदफा (२) को अधिनमा रही" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उप-दफा (२) झिकिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ मा संशोधनः सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को,–

(१) दफा ३ को उपदफा (२) मा रहेका "नगर पञ्चायतको इलाका भित्र" भन्ने शब्दहरूको सट्टा "नगर क्षेत्र भित्र" भन्ने शब्दहरू, "गाउँ पञ्चायतको इलाका भित्र" भन्ने शब्दहरूको सट्टा "ग्रामीण क्षेत्र भित्र" भन्ने शब्दहरू र "गाउँ पञ्चायतका प्रधानपञ्च वा उप-प्रधानपञ्चले" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समितिका अध्यक्ष वा उपाध्यक्षले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा ३ को उप-दफा (२) को,–

(क) प्रतिवन्धात्मक वाक्यांश (क) मा रहेका "गाउँ पञ्चायतको इलाका भित्रको" भन्ने शब्दहरूको सट्टा "ग्रामीण क्षेत्र भित्र" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) प्रतिवन्धात्मक वाक्यांश (ख) मा रहेका "गाउँ पञ्चायतलाई सूचना दिंदा पनि प्रधानपञ्च र उप-प्रधानपञ्च दुबै नभएको वा अनुपस्थित रहेको" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समितिलाई सूचना दिंदा पनि अध्यक्ष र उपाध्यक्ष दुबै उपस्थित नभएको" भन्ने शब्दहरू राखिएका छन् ।

(३) दफा ३ को उप-दफा (३) मा ठाउँ ठाउँमा रहेका "गाउँ पञ्चायतका प्रधानपञ्च वा उप-प्रधानपञ्चले" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समितिका अध्यक्ष वा उपाध्यक्षले" भन्ने शब्दहरू राखिएका छन् ।

५. संक्षिप्त कार्यविधि ऐन, २०२८ मा संशोधनः संक्षिप्त कार्यविधि ऐन, २०२८ को,–

(१) दफा ७ को उप-दफा (२) मा रहेका "स्थानीय पञ्चायतका कुनै सदस्य" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधि" भन्ने शब्दहरू र "गाउँ पञ्चायतको क्षेत्रमा तामेल गर्नु पर्ने भए सो पञ्चायतको कार्यालयमा वा नगर पञ्चायतको क्षेत्रमा तामेल गर्नु पर्ने भए सम्बन्धित वडाको" भन्ने शब्दहरूको सट्टा "ग्रामीण क्षेत्रमा भए गाउँ विकास समितिको कार्यालयमा र नगर क्षेत्रमा भए प्रतिवादीको घरद्वार भएको ठाउँको" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अनुसूची– १ को क्रमसंख्या ८ को सट्टा देहायको क्रमसंख्या ८ राखिएको छः–
"८. गाउँ विकास समिति ऐन, २०४७ बमोजिम गाउँ विकास समितिको अधिकार क्षेत्र भित्रको मुद्दा ।"

लालमोहर सदर मितिः– २०४७।४।१०।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

२८५



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।